**कोरोना भाइरस सम्बन्धी बागमती प्रदेशको अवस्था**
**मकवानपुर । ०७७ वैशाख ९ गते**

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) र यसको रोकथाम र नियन्त्रणमा भइरहेका प्रयासको विषयमा बागमती प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेलले वैशाख ९ गते प्रदेश भित्रका विभिन्न नगरपालिका तथा गाँउपालिकाका प्रमुखसँग छलफल गर्नु भएको छ ।

मुख्यमन्त्रीले भिडियो कन्फरेन्स गरी स्थानीय तहहरूको समस्या र त्यसको रोगथाम र नियन्त्रणका लागि आवश्यक तयारीको बारे छलफल भएको प्रेस सल्लाहकार प्रकाश दाहालले जानकारी दिनुभयो ।

धादिङ जिल्लाको नीलकण्ठ नगरपालिका, गजुरी गाउँपालिका, गल्छी गाउँपालिका र रुविभ्याली गाउँपालिकाका प्रमुखसँग छलफल गर्दै स्थानीय तहहरूले जनताका लागि कोभिड-१९ को महामारीबाट बचाउन काम गर्नु पर्नेमा जोड दिनुभयो ।

लकडाउनका कारण भक्तपुरको चाँगुनारायण नगरपालिकाले निर्माण गरेको ट्रेकिङ्ग ट्रयालको काम गर्न आएका १८ श्रमिक मजदुर २७ दिनदेखी जङ्गलमै बास बस्न बाध्य भएका छन् । नगरपालिकाले पर्यटकीय गन्तव्यका रुपमा चाँगुनारायण नगरपालिका-७ र ८ वडामा निर्माण गरिरहेको पर्यटक ट्रेकिङ्ग ट्रयालमा काम गर्न आएका मजदुरहरू लकडाउनका कारण सो क्षेत्रको जङ्गलमै अलपत्र परेपछि जङ्गलमै बास बस्न बाध्य भएका हुन् ।

नुवाकोट जिल्लामा दुई चरणमा सञ्चालन भएको र्‍यापीड टेष्ट सकिएको छ । पहिलो चरणमा विदेशबाट आएका र दोस्रो चरणमा विरगञ्जलगायत भारतसँग सीमा जोडिएको जिल्लाबाट आएकाहरूको ४ साय ७० जनामा र्‍यापीड टेष्ट गरेर सकिएको हो ।

यसैबीच, सिन्धुली जिल्ला प्रशासन कार्यालयले वैशाख ९ गते तरकारी, फलफूल, माछा मासु अण्डालगाएतका बस्तुहरूको आयातमा लगाईएको रोकलाई पुनः निरन्तरता दिने निर्णय गरेको छ ।

**इन्सेक काठमाडौं जिल्ला प्रतिनिधि विमला पौडेल**का अनुसार उदयपुरमा थप ११ जनामा सङ्क्रमण पुष्टि भएपछि नेपालमा कोरोना सङ्क्रमितको सङ्ख्या ४२ पुगेको छ ।

उदयपुरको त्रियुगा नगरपालिका क्षेत्रका बासिन्दामा कोरोना सङ्क्रमण जाँच गर्दा काठमाडौंको राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा ३ जना र धरानको बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा ८ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. विकास देवकोटाले जानकारी दिनुभयो । या सँगै नेपालमा कोरोना सङ्क्रमितको सङ्ख्या ४२ पुगेको हो । उदयपुरको त्रियुगा नगरपालिकाको मस्जिदमा बसेका १३ जनामा यसअघि नै कोरोना सङ्क्रमण पुष्टि भएको थियो । मस्जिद रहेको गाउँका वासिन्दाको नमुना परीक्षण गर्दा कोरोना सङ्क्रमण देखिएको हो । वैशाख ९ गते पुष्टी भएका सङ्क्रमितहरूमा १८, १८, २०, ३३, ४०, ४१, ४१, ५२ र ५८ वर्षीय पुरुषहरू, ३६ वर्षीया महिला र १ जना उमेर नखुलेको महिला छन् ।

हासम्म कोरोना सङ्क्रमण भएका मध्ये चार जना निको भएर घर फर्किसकेका छन् । नेपालमा हालसम्म ३६ हजार ७ सय १९ जनाको पिसीआर र आरडिटी विधिद्वारा परीक्षण भैसकेको छ । देशभर हाल क्वारेण्टाइनमा ७ हजार ६७ जना तथा आइसोलेशनमा १ सय ७ जना रहेका छन् । यसैबिच मन्त्रालयले देशका केहि भु-भागहरूमा धार्मिकस्थलहरूमा भीडभाड भएको भन्दै सर्वसाधारणलाई समूहमा पूजा प्रार्थना नगर्न अनुरोध गरेको छ ।

नेपाल पत्रकार महासङ्घले जारी लकडाउनका कारण सञ्चार प्रतिष्ठानहरू समस्यामा परेको हुँदा श्रमजीवी पत्रकार र सञ्चार प्रतिष्ठानका लागि तत्काल राहत प्याकेज घोषणा गर्न सरकारसँग माग गरेको छ ।

महासङ्घको केन्द्रीय समितिका पदाधिकारी र प्रदेश समितिका पदाधिकारीको वैशाख ९ गते भएको डिजिटल कन्फरेन्स बैठकले कोभिड-१९ को सङ्क्रमणले उत्पन्न जटिल परिस्थितिमा समाचार सङ्कलनका क्रममा आफ्नो सुरक्षालाई पहिलो प्राथमिकतामा राख्न सञ्चारकर्मीमा आग्रह गरेको हो ।

क्वारेण्टाइन, आइसोलेशन वार्ड, सङ्क्रमण परीक्षण स्थलको संवदनशीलतालाई ख्याल गर्न, पर्याप्त पूर्वसतर्कता र सुरक्षाको सुनिश्चितता नभइ नजान पनि महासङ्घले आग्रह गरेको महासचिव रमेश विष्टले जानकारी दिनुभयो ।

**इन्सेक चितवन जिल्ला प्रतिनिधि दीपेन्द्र अधिकारीका अनुसार** वैशाख ९ गते लकडाउन उल्लङ्घन गरेको आरोपमा चितवन प्रहरीले ४५ ओटा सवारी नियन्त्रणमा लिएको छ ।
भरतपुर कोरोना विशेष अस्पतालमा १३ जना रहेका छन् । तरकारी, दुध, पशुपंक्षी ढुवानीका साधनलाई निर्वाध हिड्न दिइएको छ । सार्वजनिक बाटोमा स्थानीयले गरेको अवरोध हटाउनका लागि चितवन प्रशासनले सबैमा आग्रह गरेको छ ।  चितवनका स्थानीय तहहरू भरतपुर महानगरपालिका, रत्ननगर नगरपालिका, खैरहनी नगरपाीलिका, राप्ती नगरपालिका, कालिका नगरपालिका, माडी नगरपालिका र इच्छाकामना गाउँपालिकाले आआफ्नो क्षेत्रमा राहत वितरणलाई तिव्रता दिएका छन् ।

**इन्सेक दोलखा जिल्ला प्रतिनिधि उद्धव पोखरेल**का अनुसार लकडाउनको कारण दोलखाको विभिन्न स्थानमा अलपत्र परेका मजदुरहरूलाई बस चढाएर घर पठाइएको छ ।
भीमेश्वर नगर आसपासमा रहेका तथा जिल्लाका विभिन्न स्थानबाट हिँडेर सदरमुकाम चरिकोट आई पुगेर अलपत्र परेका १ सय ५८ जना मजदुरलाई रोल्वालिङ यातायातको बस चढाएर घर पठाइएको हो । लकडाउनको कारण सदरमुकाम आसपासमा अलपत्र परेकाहरूलाई भीमेश्वर नगरपालिकाको अगुवाईमा बस चढाएर घर पठाइएको हो । काभ्रेपलाञ्चोक, रौतहट, बर्दिया, सल्यानलगायतका जिल्लाबाट दोलखामा मजदुरी गर्न आएर लकडाउनले अलपत्र परेका मजदुरहरूलाई पाँच ओटा बसमा चढाएर घर पठाइएको भीमेश्वर नगरपालिकाका मेयर भरत केसीले जानकारी दिनुभयो । चरिकोट आइपुगेका मजदुरहरूलाई नगरपालिकाको अगुवाईमा खाना, खाजाको व्यवस्था समेत गरी घर पठाईएको मेयर केसीले बताउनु भयो ।
जिल्लाको विभिन्न स्थानमा निजी आवास तथा विद्यालय पुननिर्माणको काम गरिरहेका मजदुरहरूलाई घर पठाउने व्यवस्था मिलाइएको दोलखाका प्रमुख जिल्ला अधिकारी भीमकान्त शर्माले जानकारी दिनुभयो । दोलखामा बालबालिकाको लागी नियमित खोप सेवा सुरू हुने भएको छ । नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको वैशाख ५ गतेको बैठकको निर्णय अनुसार खोप सेवा सुरू हुने भएको हो ।
दोलखा सदरमुकाम चरिकोट स्थित प्राथामीक स्वास्थ्य केन्द्र प्रस्तावित चरिकोट अस्पतालमा बालबालिकालाई आगमी हप्ताको सोमबार खोप लगाइने अस्पतालका प्रमुख डा. विनोद दंगालले जानकारी दिए ।
जिल्लाको भीमेश्वर नगरपालिकामा प्रत्यक महिनाको १९, २०, २१ र २२ गते खोप सेवा सञ्चालन गरिँदै आएको छ । त्यसैगरि विगु गाउँपालिकामा १०, ११ र १२ गते, १० देखी १३ गतेसम्म मेलुङ गाउँपालिका, ११ देखी १३ गतेसम्म तामाकोशी गाउँपालिकामा, १८ देखी २१ गतेसम्म बैत्यश्वर गाउँपालिकामा खोप सेवा प्रदान गरिनेछ । १८ गते देखी २० गतेसम्म जिरी नगरपालिकामा, १९ गते देखी २२ गतेसम्म शैलुङ गाउँपालिकामा, १७ देखी २० गतेसम्म गौरिशंकर गाउँपालिकामा, १९ देखी २१ गतेसम्म कालिन्चोक गाउँपालिकामा बालबालिकालाई खोप सेवा प्रदान गरिने गाउँपालिकाहरूले जनाएका छन् ।
देश लकडाउनमा गए सँगै दोलखा सहित देशभर बालबालिकाका लागि प्रदान गरिने खोप सेवा बन्द गरिएको थियो ।
नेपाल कम्युनिष्ट पार्टी दोलखाले जिल्ला भित्रका स्थानीय तहहरूले कोरोना रोकथाम र नियन्त्रणका लागि गरेको प्रयासहरूको अनुगमन गरेको छ । अनुगमनका क्रममा नेकपा दोलखाले कोरोना भाईरसको रोकथाम र नियन्त्रणका लागि वडा स्तरमा कोरोना रोकथाम तथा नियन्त्रण समिति गठन गर्न गाउँपालिकाहरूलाई निर्देशन दिएको छ ।
स्थानीय तहहरूलाई कोरोना रोकथाम र नियन्त्रणका लागि सूचना प्रवाहदेखी आवश्यक समन्वयका लागि सहज हुने भन्दै वडा स्तरमा समेत समिति गठन गर्न आग्रह गरेको हो ।
विभिन्न राजनीतिक दल र गाउँपालिकाहरूको समन्वयमा राजधानीमा रहेका दोलखाका नागरिकहरू धमाधम गाउँ फर्कन थालेका छन् । लकडाउनका कारण लामो समय राजधानी काठमाण्डौंमा रोकिएका र गाउँ फर्कन चाहनेहरू राजनीतिक दलहरूको समन्वयमा धमाधम गाउँ फर्कन थालेका हुन् । वैशाख ८ गते राती मात्र १४ ओटा बस मार्फत विभिन्न गाउँपालिकाका नागरिक दोलखा भित्रिएका हुन् ।
यद्यपी जिल्ला बाहिरबाट सयौंको सङ्ख्या नागरिकहरू जिल्ला भित्रिए पनि जिल्लामा स्वास्थ्य परीक्षण र व्यवस्थापनको कुनै तयारी भएको छैन । गाउँपालिकहरूसँग पनि गाउँ भित्रिएका नागरिकलाई कहाँ कसरी

राख्ने भन्ने योजना समेत छैन । दोलखाका प्रमुख जिल्ला अधिकारी भीमकान्त शर्माले राजधानी र अन्य जिल्लाबाट अलपत्र परेका नागरिकलाई जिल्ला ल्याउने भन्दा बाहेक आफुलाई केही थाहा नभएको बताउनु भयो ।

**इन्सेक भक्तपुर जिल्ला प्रतिनिधि रमेश गिरी**का अनुसार भक्तपुर जिल्ला अस्पतालमा वैशाख ९ गते चार जना शङ्कास्पद व्यक्तिको कोरोना परीक्षण गरिएको छ । द्रूतगतिको र्‍यापीड किटबाट तीन जना र पीसीआरबाट एक जना गरि चारजनाको परीक्षणमा तीनजनाको नतिजा नेगेटिभ आएको छ भने एक जनाको रिपोर्ट आउन बाँकी छ । भक्तपुर अस्पतालको मेडिकल सुपरिटेण्डेण्ट डा. सुमित्रा गौतमले जानकारी दिनुभयो । अस्पतालमा नियमित सेवामा ९ गते कोरोना परीक्षण बाहेक ६५ जना विरामीको स्वास्थ्य परीक्षण गरिएको उहाँले जानकारी दिनुभयो । अस्पतालले हालसम्म ४ सय ५६ जनाको कोरोना परीक्षण गरेको र सबैको नेगेटिभ आएको जानकारी दिँदै उहाँले आइसोलेशनमा एक जनाको उपचार भइरहेको जानकारी दिनुभयो ।
वैशाख ९ गते पनि जिल्ला खेलकुद बिकास समिति भक्तपुरका अध्यक्ष श्रीभक्त कासिछ्वाको सहयोगमा भक्तपुरका ५० जना पत्रकारलाई विभिन्न सुरक्षा सामाग्रीहरू प्रदान गरिएको छ ।
महानगरीय प्रहरी वृत्त जगातीका डिएसपी चक्रराज जोशीले ८ गते र ९ गते बिहान गरी २ हजार १ सयजनालाई खाना खुवाएर विभिन्न गाडीमा राखेर घर पठाएको जानकारी दिनुभयो । विगत चारदिनदेखि प्रहरीले हिड्दै जाने पैदल यात्रीलाई जगातीमा रोकेर खाना, खाजा खुवाएर गाडीमा हालेर घर जाने व्यवस्था गरेको छ ।
सिन्धुली जिल्लाका जनप्रतिनिधि आफै आएपछि खाना खुवाएर ३ सय जनालाई पठाएको उहाँले जानकारी दिनुभयो । वैशाख ९ गते विभिन्न जिल्लाका अन्य करिब ६ सय ५० लाई विभिन्न सवारी साधनमा राखेर घर पठाईएको छ ।
त्यसैगरी भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्य सेवा केन्द्रले वडावडामा कोरोना भाइरसको परीक्षण सुरू गरेको छ । संसारभर फैलिरहेको कोरोना भाइरसको जोखिमलाई मध्यनजर गर्दै विदेशबाट फर्किएका व्यक्ति र सम्भावित व्यक्तिहरूको र्‍यापीड किटबाट कोरोना भाइरस परीक्षण सुरू गरेको हो ।
भक्तपुर नगरपालिका-१० कमलविनायकस्थित सरस्वती विद्यागृहमा नौ जनाको परीक्षण गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको छ ।
गतचैत्र १ गतेपछि विदेशबाट भक्तपुर आएका व्यक्तिहरूको र्‍यापीड किटबाट कोरोना परीक्षण सुरु भएको उहाँले जानकारी दिनुभयो । सबै वडामा परीक्षण गरिने भएकाले विदेशबाट फर्किएकाले सम्बन्धित वडा कार्यालयमा सम्पर्क गर्न नगरपालिकाले आग्रह गरेको छ ।
त्यस्तै सूर्यविनायक नगरपालिकाले पनि सम्भावित व्यक्तिहरूको र्‍यापीड किटबाट कोरोना भाइरस परीक्षण सुरू गरेको छ । विदेशबाट आएका र अन्य शङ्कास्पद व्यक्तिको कोरोना परीक्षण सुरू गरेको जानकारी दिँदै नगरपालिकाका प्रशासकीय अधिकृत कमल ज्ञवालीले चार जनाको परीक्षणमा सबैको रिपोर्ट नेगेटिभ आएको बताउनुभयो ।
मध्यपुरथिमि नगरपालिकाले नेपाल कोरिया मैत्री नगरपालिका अस्पताल मार्फत विदेशबाट फर्किएका ५३ जनाको कोरोना परीक्षण गरेकोमा सबैको रिपोर्ट नेगेटिभ आएको मेयर मदनसुन्दर श्रेष्ठले जानकारी दिनुभयो ।
यसैबीच, सूर्यविनायक नगरपालिका-२ स्थित बालकोट मिटसपले खसीको मासु प्रतिकिलो १ हजार ६ सय रुपियाँमा विकी गरेको छ । खसीको अभाव देखाउँदै व्यवसायीले मासुको मूल्य प्रति किलो ४ सय रुपियाँ बृद्धि गरेका छन् । लकडाउन अघि खसिको मासु प्रतिकिलो १ हजार २ सय रुपियाँ थियो ।
व्यवासायीले बजारमा मासुको मनपरी मूल्य निर्धारण गरी विकी गरेपछि भक्तपुर नगरपालिकाले मासु पसलमा छापा मारेको छ । वैशाख ९ गते बिहान नगरपालिकाले बिभिन्न पसलमा छापा मार्दा व्यापारीले मनोमानी मूल्यमा मासु बिक्री गरेको पाइएको हो ।
भक्तपुर नगरपालिका बजार अनुगमन समितिका संयोजक राजकृष्ण गोराको संयोजकत्वमा सरोकारवालासहितको टोलीले गरेको मासु पसलको आकस्मिक अनुगमनमा कालोबजारी गरेर मासु बिक्री गरेको पाइएको हो ।

त्यसैगरी भक्तपुरको चाँगुनारायण नगरपालिकाले निर्माण गरेको ट्रेकिङ्ग ट्र्यालको काम गर्न आएका १८ श्रमिक मजदुर २७ दिनदेखी जङ्गलमै बास बस्न बाध्य भएका छन् । नगरपालिकाले पर्यटकीय गन्तव्यका रुपमा चाँगुनारायण नगरपालिका वडा नं. ७ र ८ वडामा निर्माण गरिरहेको पर्यटक ट्रेकिङ्ग ट्र्यालमा काम गर्न आएका मजदुरहरू लकडाउनका कारण सो क्षेत्रको जङ्गलमै अलपत्र परेपछि जङ्गलमै बास बस्न बाध्य भएका हुन् ।
नगरपालिकाले चार करोडको लागतमा निर्माण गरेको मुहानपोखरीदेखी नगरकोटको महादेवस्थानसम्म निर्माण गरिरहेको चार किमि ट्रेकिङ्ग ट्र्याल निर्माणकै क्रममा लकडाउन भएपछि अछाम, रुकुम, जाजरकोट, सिन्धुलीलगायतका जिल्लाका १८ जना मजदुरहरू जङ्गलमा समय बिताउन बाध्य भएका हुन् । उनीहरूलाई नगरपालिकाले राहतका रूपमा खाद्यान्न सामग्री उपलब्ध गराएपनि जङ्गलमै कष्टकर जीवन विताउन बाध्य हुनुपरेको मजदुरहरूको गुनासो छ । उनीहरूले लकडाउनको समयमा सरकारले घर जान सक्ने वातावरण सिर्जना गरिदिन सरकारसँग आग्रह समेत गरेका छन् । यता चाँगुनारायण नगरपालिकाका नगर प्रमुख सोमप्रसाद मिश्रले भने उनीहरूलाई क्वारेन्टाइनमा राखिएको बताउनुभएको छ ।

**इन्सेक धादिङ जिल्ला प्रतिनिधि सिताराम अधिकारी**का अनुसार गजुरी गाउँपालिका-२ मा वैशाख ९ गते ८१ जनालाई राहत सामाग्री वितरण गरिएको छ । गजुरी गाउँपालिका-२ को चामबास, मलेखु, अमिलीटार र डुडेठाटीमा पायक पर्नेहरूलाई राहत वितरण गरिएको वडा सचिव पवित्रा रेग्मीले जानकारी दिनुभएको छ ।
गल्छी गाँउपालिकाले काठमाडौँबाट पैदल हिडेर दाङ जानको लागि गल्छी आईपुगेका ५५ जना पैदल यात्रीलाई वैशाख ९ गते गन्तब्यसम्म पुराउने व्यवस्था गरेको छ ।
बन्दको कारण दैनिक रुपमा कामगरी आफ्नो चुलो बाल्नेहरू समस्यामा परेको छन् यसरी आफुहरू अलपत्र परेपछि आफ्नै घरमा जान दैनिक सयौं पैदल यात्री राजमार्गमा हिडिरहेको अवस्थामा उनीहरूको उद्धार गरेको हो ।
गाउँपालिकाले हरेक दिन खाजा खुवाउँदै आएको छ । प्रहरीको सहयोगमा हेल्प डेक्स सञ्चालन गर्दै आएको छ । दैनिक ज्वारो नाप्ने काम भइरहेको छ ।
यसैबीच काठमाडौं नुवाकोटलगायत ठाउँबाट पैदल हिडेर दाङ जानको लागि गल्छी आइपुगेका ५५ जना पैदल यात्रीलाई गन्तब्यसम्म पुराउनको लागि प्रहरीको समन्वयमा वैशाख ९ गते गल्छि गाउँपालिकाले बसको व्यवस्था गरेको गल्छि गाउँपालिकाका उपाध्यक्ष राधा तिमल्सिनाले जानकारी दिनु भयो ।

**इन्सेक ललितपुर जिल्ला प्रतिनिधि दीपकप्रसाद घिमिरे**का अनुसार ललितपुर जिल्लामा लकडाउनको नियम उल्लङ्घन गरेको आरोपमा वैशाख ९ गते २ सय ७८ जनालाई महानगरीय प्रहरी परिसरले कारबाही गरेको छ ।
विदेशबाट आएर ललितपुर महानगरपालिकामा बसोबास गर्दै आएका र पहिले परीक्षण छुटेका मध्ये २७ महिला र ५४ जना पुरुष गरी ८१ जनाको ०७७ वैशाख ९ गते र्‍यापीड टेष्ट विधिबाट परीक्षण गर्दा सबैको नेगेटिभ रिपोर्ट आएको जनस्वास्थ्य कार्यालय ललितपुरका प्रमुख डा. खगेश्वर गेलालले जानकारी दिनुभयो ।
यस अघि महालक्ष्मी नगरपालिकाका ७० जनाको थ्रोट स्वाब पीसीआर विधिबाट गरिएकोमा सबैको नेगेटिभ रिर्पोट आएको थियो । त्यस्तै महाँकाल गाउँपालिकामा १० जना, कोन्ज्योसोम गाउँपालिकामा १२ जना, बाग्मती गाउँपालिकामा २१ जना, गोदावरी नगरपालिकामा ५० जना र ललितपुर महानगरपालिकामा २ सय ५६ जनाको र्‍यापीड डाइग्नोस्टिक टेष्ट विधिबाट कोभिड १९ परीक्षण गरिएकोमा ललितपुरमा ४ सय १९ जनाको नेगेटिभ रिपोर्ट आएको थियो । हालसम्म दुबै विधिबाट परीक्षण गरिएकोहरूको सङ्ख्या ५ सय जना पुगेको जनस्वास्थ्य कार्यालय ललितपुरका प्रमुख डा. खगेश्वर गेलालले जानकारी दिनुभयो ।
कोभिड-१९को सङ्क्रमण पुष्टि भएका दुईजना बिरामीको उपचार भइरहेको छ भने वैशाख ७ गते भर्ना भएका तीन जना कोभिड-१९ को शङ्का लागेका बिरामीको पनि उपचार भइरहेको पाटन अस्पतालका निर्देशक डा. विष्णु शर्माले जानकारी दिनुभयो ।
कान्ति लोकपथबाट पैदल यात्राका क्रममा अलपत्र परेकाहरूलाई बागमती गाउँपालिकाको भट्टेडाँडामा ६७ जनालाई निःशुल्क भोजन गराएको प्रवक्ता विष्णुप्रसाद तिमल्सिनाले जानकारी दिनु भयो । ललितपुर

महानगरपालिका-.५ स्थित ललितपुरको लगनखेलस्थित लगनखेल डोजोले लकडाउनको मारमा परेका ७० जना विपन्न वर्गलाई दैनिक निःशुल्क भोजनको व्यवस्था गरेको डोजोका अध्यक्ष मिनकृष्ण महर्जनले बताउनु भयो ।
जिल्ला ६ ओटै स्थानीय तहमा ०७६ चैत १८ गतेसम्म १ सय १३ जना विदेशबाट फर्किएकाहरू रहेको तथ्याङ्क प्राप्त भएकोमा ०७७ वैशाख ९ गते आइपुग्दा ५ सय जना सम्पर्कमा आएको पाइएको छ ।

**इन्सेक मकवानपुर जिल्ला प्रतिनिधि पुष्पराज अधिकारी**का अनुसार हेटौडामा रहेको केरोना आइसोलेशन वार्डमा वैशाख ९ गते चार जना भर्ना भएका छन् । भर्ना भएका मध्ये एकजना विदेशबाट आएका नागरिक हुन भने बाँकी तीन जना भारतीय नागरिकहरूसँग सम्पर्कमा रहेका व्यक्ति भएको आइसोलेशन वार्डका संयोजक भोला प्रसाद चौंलागाईले जानकारी दिनुभयो ।
वार्डका संयोजक चौलागाईका अनुसार कैलाश गाउँपालिका-२ का एकजना पुरुष मलेसियाबाट आउनु भएको थियो । उहाँमा खोकी, ज्वरो तथा सासफेर्न केहि समस्या देखिएपछि आइसोलेशनमा राखिएको छ । उहाँको स्वाब परीक्षणको लागि पठाइसकिएको छ । त्यसैगरि थाहा नगरपालिकाका तीनजना भारतीयहरूसँग सम्पर्कमा रहेकहरूलाई आइसोलेशन वार्डमा भर्ना गरिएको छ । उनीहरूको पनि स्वाब परीक्षणको लागि किटजन्य रोग अनुसन्धान तथा तालिमकेन्द्र स्थित पीसिआर ल्याबमा पठाईएको छ ।
हेटौंडा उपमहानगरपालिकामा वैशाख ९ गते २७ जनाको र्‍यापीड डाइग्नोष्टिक टेष्ट गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको छ । हेटौंडा वडा नं. ७ र ८ वडामा आरडीटी परीक्षण गरिएकोमा दुबै वडामा परीक्षण गरिएका सबै नतिजा नेगेटिभ आएको आयुवेर्दिक तथा जनस्वास्थ्य शाखा प्रमुख रमण भ्काले बताउनु भयो ।
श्रीकृष्ण प्रणामी सेवा समाज मकवानपुरले वैशाख ९ गते ४० जना सर्वसाधारणलाई निःशुल्क गाडीको व्यवस्था गरी गन्तव्यतर्फ पठाएको छ । लकडाउनका कारण अलपत्र परेका सर्वसाधारणलाई प्रणामी समाज मकवानपुरले खानाको व्यवस्थापन गरी हेटौंडाबाट गन्तव्यतर्फ पठाइएको हो । काठमाडौंबाट गएराति आएका सिन्धुलीका ४० जना सर्वसाधारणहरू हेटौंडामा अलपत्र परेको थिए ।

**इन्सेक नुवाकोट जिल्ला प्रतिनिधि नवदीप श्रेष्ठ**का अनुसार नुवाकोटमा दुई चरणमा सञ्चालन भएको द्रुत परीक्षण कार्य वैशाख ९ गते सकिएको छ । पहिलो चरणमा गाउँमै पुगेर २ सय ८७ जना र दोस्रो चरणमा १ सय ८३ जनाको द्रुत परीक्षण गरिएकोमा सबैको नजिता नेगेटिभ आएको स्वास्थ्य कार्यालय नुवाकोटका प्रमुख सागरप्रसाद घिमिरेले जानकारी दिनुभयो । पहिलो चरणमा विदेशबाट आएका र दोस्रो चरणमा विरगञ्जलगायत भारतसँग सीमा जोडिएको जिल्लाबाट आएकाहरूको परीक्षण गरिएको प्रमुख घिमिरेले बताउनु भयो । परीक्षण गरिएकामध्ये १० जनाको स्वाब पुनः परीक्षणको लागि काठमाडौं पठाएको र रिपोर्ट आउन बाँकी रहेको घिमिरेले जानकारी दिनुभयो ।

**इन्सेक सिन्धुली जिल्ला प्रतिनिधि बिमला पाण्डे**का अनुसार जिल्ला प्रशासन कार्यालय सिन्धुलीमा वैशाख ९ गते बसेको सर्वपक्षिय सर्वदलिय बैठकले तरकारी, फलफूल, माछा मासु अण्डालगाएतका बस्तुहरूको आयातमा लगाईएको रोकलाई पुनः निरन्तरता दिने निर्णय गरेको छ । वैशाख १५ गते राती १२ बजेसम्मलाई ती वस्तु आयातमा रोक लगाएको हो ।
बाहिर जिल्लाबाट आउने सामानमा रोक लगाए पनि जिल्ला भित्रको तरकारी, फलफूल आयातमा भने रोक नलगाइने भएको छ । यस्तै खाद्यान्न आयातमा भने केहि खुकुलो गर्ने नीति अवलम्बन गरिने भएको छ । सिन्धुलीबाट ओखलढुङ्गा रामेछाप, दोलखालगायतका जिल्लामा समेत खाद्यान्न ढुवानी हुने भएकाले खाद्यान्नलाई कोरोना सक्रमण हुन नदिन अपनाइने प्रविधि अपनाई ढुवानी गरिने भएको छ ।
जिल्ला भित्र सञ्चालित दुध, फलफूल, तरकारी तथा खाद्य सामग्रीका पसलहरू खोल्ने समयलाई बढाइएको छ । विहान तीन घण्टा चल्दै आएका पसल वैशाख १० गतेदेखि पाँच घण्टा चल्ने भएका हुन् । विहान ६ बजेदेखि ११ बजेसम्म पसल खोल्न निर्णय भएको छ । ३ घटना पसल खोल्दा भिड बढेपछि २ घण्टा थप गर्ने निर्णय गरिएको हो ।

यस्तै बैठकले लकडाउनको बाहनामा अवरुद्ध भएका बाटोहरू शान्ति सुरक्षा, आपतकालिन तथा अत्यावश्यक सेवा सञ्चालन तथा व्यवस्थापन सँग सम्बन्धित सवारी साधान आवत जावतमा समेत असर पर्ने हुदा जिल्लाका सडक, बाटो थुनछेक वा अवरोध भएको भए अविलम्ब खुलाउने व्यवस्था गरि आवागमन सुचारु गर्ने निर्णय भएको छ ।
दुई वर्षमुनीका बालबालिकाले लगाउँदै आएको नियमित खोप चैत देखि रोकिएकोमा स्वास्थ्य कार्यालय सिन्धुलीले खोप सञ्चालन गर्न सबै स्थानीय तहलाई वैशाख ८ गते पत्राचार गरिएको जनाएको छ । स्थानीय तहले मातहतका खोप केन्द्र वा स्वास्थ्य संस्थामा पुरानै समयमा खोप सञ्चालन गर्ने भएका छन् ।
कमलामाई नगरपालिका सिन्धुलीले वैशाख ९ गते १ सय २३ जनालाई नियमित स्वास्थ्य सेवा दिएको छ । नगरपालिकाले १५ ओटा स्वास्थ्य संस्था मार्फत उक्त सेवा दिएको हो ।
सिन्धुलीका ९ स्थानीय तहमा काठमाडौं, ललितपुर र भक्तपुरमा अलपत्र परेका विद्यार्थी, मजदुरहरूलाई ११ ओटा बसको व्यवस्था सहित भक्तपुरको जगातीमा ज्वरो जाँच गरि सिन्धुली ल्याइएको बागमती प्रदेश सभा सदस्य प्रदीप कटुवालले बताउनु भयो ।
सरकारले ल्याएको मापदण्डका आधारमा १५ सय जनालाई जिल्ला ल्याइएको हो । मजदुरहरू तथा विद्यार्थीहरू पैदलै सिन्धुली भित्रिन थालेपछि स्थानीय प्रशासनहरू र स्थानीय तहसँगको समन्वयमा उनीहरूलाई जिल्लामा ल्याइएको हो ।
कमलामाई नगरपालिकाको प्रकोप व्यवस्थापन कोषमा हातेमालो साना किसान कृषि सहकारी संस्थाले १५ हजार १ सय रुपियाँ सहयोग गरेको छ । हालसम्म नगर कोषमा ६६ लाख २४ हजार ८ सय २७ रुपियाँ जम्मा भएको छ ।

**इन्सेक रसुवा जिल्ला प्रतिनिधि हेमनाथ खतिवडा**का अनुसार बजारमा दैनिक उपभोग्य बस्तु चामल, तरकारीहरूलगायतको अभाव हुन थालेको छ । टिमुरे, स्याफ्रु, थाम्बुचेतमा चामल, तरकारी अभाव हुन थाल्यो भने खाद्यवस्तुहरूमा महङ्गी पनि बढेको छ ।
आमाछोदिङमो र नौकुण्ड गाउँपालिकामा वैशाख ९ गतेबाट आरडीटी परीक्षण थालनी भएको छ । नौकुण्ड गाउँपालिकामा फागुन १ देखि भारत र तेस्रो मुलुलबाट १३ जना आएकोमा नौ जनाको वैशाख ९ गते गरिएको र्‍यापीड टेष्टमा नेगेटिभ देखिएको नौकुण्ड गाउँपालिका स्वास्थ्य शाखा प्रमुख अणप्रसाद पौडेलले बताउँनुभयो ।
भारत र तेस्रो मुलुलबाट आएकाहरूको र्‍यापीड टेष्ट भएको सबै नेगेटिभ देखिएको छ । आमाछोदिङमो गाउँपालिका चार जना क्वारेण्टाइनमा छन् भने र्‍यापीड टेष्ट १४ जनामा गरिएको छ । यस्तै नौकुण्ड गाउँपालिकामा एक जनामा र्‍यापीड टेष्ट गरिएको छ। सबैको नेगेटिभ आएको छ ।
स्थानीय तहले असङ्गठित श्रमिक तथा अशहायलाई दोस्रो चरणको राहत वितरणका लागि लगत सङ्कलन सुरू गरेका छन् । नौकुण्ड गाउँपालिकाले दोस्रो चरणको राहत वितरण सुरू गरेको छ ।
गोसाइकुण्ड गाउँपालिकाले पनि दोस्रो चरणको राहत वितरण सुरू गरेको छ। वडा १, २, ३, ४, ५,६ मा ६ सय ७० परिवारलाई राहत कुपन बितरण भएको छ ।

**इन्सेक रामेछाप जिल्ला प्रतिनिधि नवराज घिमिरे**का अनुसार रामेछाप जिल्लामा वैशाख ९ गतेसम्म १ सय ५५ जनाको र्‍यापीड टेष्ट गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ देखिएको छ ।
जिल्लामा १ सय ५५ जनाको र्‍यापीड टेष्ट प्रविधिबाट कोभिड १९ को परीक्षण गरिएको र सबैको रिपोर्ट नेगेटिभ आएको जिल्ला स्वास्थ्य कार्यालय रामेछापका प्रमुख जीतेन्द्र कर्णले जानकारी दिनुभयो । कर्णका अनुसार हालसम्म जिल्लाको मन्थली नगरपालिकामा १२ जना, रामेछाप नगरपालिकामा २४ जना, लिखुतामाकोशी गाउँपालिकामा ६ जना, सुनापति गाउँपालिकामा २१ जना, दोरम्बा गाउँपालिकामा १५ जना, उमाकुण्ड गाउँपालिकामा तीन जना, गोकुलगंगा गाउँपालिकामा ४१ र खाँडादेवी गाउँपालिकामा ३३ जनाको परीक्षण गरिएको छ ।

जिल्लामा क्वारेन्टिनमा बस्नेको सङ्ख्या पनि घटेको छ । वैशाख ८ गतेसम्म ३९ जनालाई क्वारेण्टाइनमा राखिएकोमा वैशाख ९ गते जिल्लाभार २२ जना क्वारेण्टाइनमा छन् । र्‍यापीड टेष्ट रिपोर्टमा नेगेटिभ आएपछि १७ जनालाई घर पठाइको छ ।

**इन्सेक काभ्रे जिल्ला प्रतिनिधि हिरामान तामाङ**का अनुसार पाँचखालमा ५ हजार नागरिकको ज्वरो जाँच गरिएको छ । स्वास्थ्य चौकीका स्वास्थ्यकर्मी सहितको टोली लिएर घर-घर पुगी स्वास्थ्य जाँच गराएको वडा अध्यक्ष किरण श्रेष्ठले बताउनुभयो । यो अभियानलाई वडामा रहेका महिला स्वास्थ्य स्वयम्सेविकाले तथ्याङ्क सङ्कलन गरेर सहयोग गरेका थिए । स्वयमेविकाले सङ्कलन गरिएको तथ्याङ्क अनुसार वडामा ५ हजार १ सय ३३ जना जना छन् ।
काभ्रे प्याब्सनले लक डाउनका कारण अलपत्र परेका २७ जना मजदुरको उद्धार गरेको छ । पनौती नगरपालिका आसपास क्षेत्रमा दैनिक ज्यालादारी गर्दै आएका कैलाली, सुर्खेत, बर्दिया, दाङ, रोल्पा घर भएकाहरूलाई उद्धार गरिएको काभ्रे प्याब्सनका अध्यक्ष पूर्णकुमार श्रेष्ठले बताउनु भयो ।
अध्यक्ष श्रेष्ठका अनुसार सामुदायिक बोर्डिङ स्कुलको बसबाट काठमाडौँको थानकोटसम्म पुर्‍याएका छन् । थानकोटबाट भने उनीहरूको स्थानीय तहले जिम्मा लिएर लैजाने अध्यक्ष श्रेष्ठले बताउनु भयो
लकडाउनका कारण काठमाडौँबाट हिँडेर बनेपा आइपुगेका सिन्धुलीका ७ सयभन्दा बढी पैदलयात्रीको उद्धार गरेको छ । नेपाल रेडक्रस सोसाईटी काभ्रेले पाँचखाल नगरपालिका-५ का रामबहादुर तामाङको परिवारलाई राहत उपलब्ध गराएको छ ।
इन्सेक जिल्ला प्रतिनिधि नातिबाबु धितालका अनुसार तातोपानी नाका हुँदै वैशाख ९ गते तीन ओटा मालबाहक कन्टेनर भ्यान नेपाल प्रवेश गरेका छन् । स्वास्थ्य सामग्री लिएर आएका उक्त भ्यान वैशाख ८ गते चिनियाँ नाकामा आइपुगेका थिए । नाकाबाट आयत भएका सामग्रीहरूमा सबै कोरोना भाइरस सुरक्षा गर्ने स्वास्थ्य सामग्री रहेको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुखले बताउनु भयो ।

**इन्सेक सिन्धुपाल्चोक जिल्ला प्रतिनिधि नातिबाबु धिताल**का अनुसार इन्सेक जिल्ला प्रतिनिधि नातिबाबु धितालका अनुसार तातोपानी नाका हुँदै वैशाख ९ गते तीन ओटा मालबाहक कन्टेनर भ्यान नेपाल प्रवेश गरेका छन् । स्वास्थ्य सामग्री लिएर आएका उक्त भ्यान वैशाख ८ गते चिनियाँ नाकामा आइपुगेका थिए । नाकाबाट आयत भएका सामग्रीहरुमा सबै कोरोना भाइरस सुरक्षा गर्ने स्वास्थ्य सामग्री रहेको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुखले बताउनु भयो ।
**इन्सेक बागमती प्रदेश कार्यालय हेटौंडा**